व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धमा प्रायः सोधिने प्रश्नहरू

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा के हो ?

कार्यस्थलवरपरका समुदाय तथा वातावरणमा पर्नसक्ने प्रभावलाई दृष्टिगत गर्दै, कार्यस्थल भित्र वा कार्यस्थलबाट कामदारहरुको स्वास्थ्य तथा कल्याणमा उत्पन्न हुनसक्ने जोखिमहरुको पूर्वानुमान, पहिचान, मूल्याङ्कन तथा जोखिमहरुको नियन्त्रण विज्ञान नै व्यवसायजन्य स्वास्थ्य र सुरक्षा हो भनेर परिभाषित गरिन्छ ।

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा किन एक प्राथमिकता हो ?

व्यवसायजन्य दुर्घटनाहरु र रोगहरुले व्यक्तिको जीवन र निजको जीविकोपार्जनका साथै परिवारजनहरुमा पनि गम्भिर असर पार्न सक्दछन् । यसबाट उद्योगहरुको उत्पादकत्व, प्रतिष्पर्दा र प्रतिष्ठामा नकरात्मक असर गर्नुका साथै मुलुककै सामाजिक तथा आर्थिक विकासमा सघन प्रभाव पर्न सक्दछ ।

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी तथ्याङ्क कस्तो छ ?

अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.) को आँकडा अनुसार व्यवसायजन्य दुर्घटनाहरु वा रोगहरुबाट प्रत्येक दिन विश्वभर ६,००० कामदारहरुले ज्यान गुमाउँछन भने झन्डै १० लाख कामदारहरु व्यवसायजन्य दुर्घटनाहरुमा पर्दछन् । प्रत्येक वर्ष नेपालमा लगभग २०० कामदारहरुले कार्यस्थलमा ज्यान गुमाउँछन् तर प्रकाशित भन्दा वास्तविक तथ्याङ्क थप बिकराल रहेको विश्वास गरिन्छ ।

व्यवसायजन्य स्वास्थ्य र सुरक्षासँग प्रत्यक्ष सम्बन्धीत आइ.एल.ओ.का तीन मुख्य मापदण्डहरु के के हुन् ?

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी आइ.एल.ओ. महासन्धी (नं १५५), र सुझाव (न १६४), १९८१ ले व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सुधार व्यवस्थापनका लागि आवश्यक आधारभूत सिद्धान्त र कार्यप्रणालीहरु स्थापित गरेको छ र व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा प्रक्रियाबारे परिचय दिएको छ । महासन्धी १५५ ले व्यवस्थापन तथा कामदारहरुले एकआपसलाई सहयोग गर्नुपर्ने मान्यता राख्दै रोजगारदाता, कामदार र तिनका तत्तत् स्तरका प्रतिनिधिहरुका अधिकार, काम तथा कर्तब्यहरु सम्बन्धी निश्चित अपेक्षाहरुलाई समेटेको छ ।

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी आइ.एल.ओ. महासन्धी, १९८१ (नं १५५) सम्बन्धी २००२ को प्रोटोकलले महासन्धी न १५५ लाई सुध्रिढ गर्दै प्रगति आकलन गर्न आवश्यक थप सूचना जानकारी लिने सम्बन्धमा जोड दिएको छ ।

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी आइ.एल.ओ. महासन्धी (न १८७) का लागि प्रवर्द्धनात्मक ढाँचा तथा सुझाव (न १९७), २००६ ले सुरक्षित र स्वस्थ्य वातावरणहरुमा काम गनुपर्ने प्रावधानहरुलाई सशक्त बनाएको छ जुन विशेषत: दुई आधारभूत अवधारणाहरुमा आधारित छः सुरक्षित र स्वस्थ्य संस्कृतिको आवश्यकताको विकास र प्रतिपालन साथै देशको परिवेश अनुसार यसको कार्यान्वयन ।

व्यवसायजन्य स्वास्थ्य र सुरक्षासँग सम्बन्धित राष्ट्रिय कानुनहरु

श्रम ऐन २०४८ र यसका नियमहरु नेपालका मुख्य कानुन हुन् जसले श्रम र व्यवसायजन्य स्वास्थ्य र सुरक्षा दुबैलाई समेट्छन् । यस ऐनको परिच्छेद ५ अन्तर्गत धारा २७-३६ ले प्रतिष्ठानमा स्वास्थ्य र सुरक्षाका प्रावधानहरु समेट्नुपर्नेमा जोड दिएकाछन् । यस ऐनको अहिले समीक्षा भैरहेको छ र नयाँ श्रम विधेयकले नेपालको श्रम प्रशासन र श्रमशासनसँग सम्बन्धित थुप्रै सवालहरुको सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय रोजगार नीति २०७१ : (अनौपचारिक श्रमिकहरुलाई पनि समेट्ने) यस नीतिको उद्देश्य सामाजिक सुरक्षा प्रणाली मार्फत श्रम बजारलाई सुरक्षित, स्वस्थ्य, प्रतिष्पर्धी र खुल्ला बनाउनु रहेको छ ।

यातायात व्यवस्थापन ऐन २०४९ : यात्रुहरु र कार्गोलाई गन्तब्यसम्म परिवहन गर्दा अत्यधिक उपलब्ध सुरक्षाका प्रावधानहरु अपनाउनुपर्ने पक्षलाई समेटेको छ ।

विषादी ऐन, २०४७ : विभिन्न बिरुवा, वनस्पति, रुख, जनावर र चराचुरुगींमा लाग्ने किराहरु मार्न प्रयोग गरिने विषादीहरुको आयात, निर्यात, उत्पादन, खरिद बिक्री तथा प्रयोगलाई यस ऐनले नियमन गरेको छ ।

खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन २०४२ : खानीमा काम गर्ने कामदारहरुको ज्यूज्यान र सम्पतिको सुरक्षाका लागि अपनाउनुपर्ने सुरक्षाका प्रावधानहरु बारे यो ऐनले खुलस्त उल्लेख गरेको छ ।

कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्डहरु सुधार्न हामीहरुले सयुक्त रुपमा के गर्न सक्छौं ?

सरकारका हैसियतमा, हामीले कामदारहरु रोजगारीमा रहिरहुन् र प्रतिष्ठानहरु सफल हुन् भन्नका लागि कानुन तथा सेवाहरुको समीक्षा गर्न सक्छौं । व्यवसायजन्य स्वास्थ्य र सुरक्षासँग सम्बन्धित मस्यौदा राष्ट्रिय नीति छिटै पारित गर्न सघाउने उद्देश्यले रोजगारदाता तथा कामदारहरुका प्रतिनिधि संस्थाहरुबीच परामर्श गराउन सक्छौं । व्यवसायजन्य दुर्घटना तथा रोगहरु सम्बन्धमा रोजगारदाताहरुले वार्षिक रुपमा तथ्याङ्कहरु सहित जानकारी गराउने प्रक्रियाहरुको स्थापना र कार्यान्वयन गराउन सक्छौं । कार्यस्थलमा देखिने रोगहरुको वर्गिकरण गर्न पनि सक्छौं । विद्यमान श्रम ऐन २०४८ अनुरुप व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका प्रावधानहरु लागु गर्ने र कार्यान्वयन भएनभएको अवस्थाबारे अनुगमन तथा समयसमयमा कार्यस्थलहरुको निरीक्षण गर्न सक्छौं ।

रोजगारदाताका हैसियतमा, हाम्रो नियन्त्रणमा रहेका कार्यक्षेत्रहरु स्वास्थ्यमा असर नगर्ने किसिमका र सुरक्षित छन् भन्नेमा हेक्का राख्न सक्छौं । कार्यस्थलमा सुरक्षा र स्वास्थ्यका मापदण्ड के हुन् र कामदारलाई सुरक्षा प्रदान गर्ने सम्बन्धमा हाम्रा पदाधिकारीहरु, सदस्यहरु र कामदारहरुलाई शिक्षित गर्न सक्छौं । सम्बन्धित सरकारी अधिकारीलाई व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी जानकारी दिन अभिलेख राख्ने प्रक्रिया अपनाउन सक्छौं ।

कामदारका हैसियतले, हामी सुरक्षित तवरले आफ्नो कार्य गर्ने र अरुलाई जोखिममा नपार्ने जिम्मेबारी बहन गर्न सक्दछौं, हाम्रो अधिकार के हो भन्ने बारे अवगत हुन सक्छौं र आफ्नो ज्यूजानको मात्र नभएर प्रतिष्ठानको र समग्र देशको सामाजिक आर्थिक विकासका लागि सुरक्षा सावधानी अपनाउन सक्छौं ।

नागरिक समाजका हैसियतले, व्यवसायजन्य स्वास्थ्य र सुरक्षासँग सम्बन्धित सचेतना फैलाउने र पैरवी गर्न सक्दछौं ।

थप जानकारीका लागि हाम्रो वेबपेज:
www.ilo.org